बलेफी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, बलेफी, सिन्धुपाल्चोक

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः-२०७९/०३/०५

सङ्घीय सरकारबाट चालु आ. व. २०७८/०७९ का लागि बहुक्षेत्रीय पोषण कार्यक्रमको उद्देश्य प्राप्तिका लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई आयआर्जन सुधार कार्यक्रम सञ्चालन गर्न प्राप्त स्वीकृत रकम रु. ६ लाख २५ हजार बजेटबाट यस गाउँपालिकामा रहेका विपन्न महिलाहरुको (विपन्न समुदायका) सुनौलो हजार दिनका घरपरिवार लक्षित आय आर्जन क्रियाकलाप सञ्चालन गर्न विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा यस गाउँपालिकामा रहेका महिला सहकारीमध्येबाट कुनै एउटा सहकारी संस्था वा समूह छनौट गर्नु पर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही इच्छुक महिला सहकारी वा समूहले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही यस कार्यालयमा आवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

क. विपन्न समुदायका महिलाहरुको पूर्ण सहभागिता र नेतृत्वमा स्थानीय तहभित्र सञ्चालनमा रहेका महिला सहकारीमध्येबाट मात्र कुनै एउटा सहकारी संस्था वा समूह छनौट गरिनेछ ।

ख. स्थानीय तहमा महिला सहकारी संस्था क्रियाशील नभएको अवस्थामा सरकारी निकायः जस्तो महिला विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय विकास कोष, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम / नागरिक सचेतना केन्द्र, कृषि विकास, पशुसेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा सञ्चालनमा रहेका महिला समूहलाई क्रमशः प्राथमिकताका आधारमा छनौट गरिने र यस प्रकारका महिला समूह समेत नभएको अवस्थामा विकास साझेदार तथा गैर सरकारी संस्थाको सहजीकरणमा स्थापना भई विगत २ वर्षदेखि क्रियाशील रहेका महिला समूह मध्येबाट समेत छनौट गर्न सकिनेछ।

ग. बुँदा नं. (क) वा (ख) बमोजिम छनोट भएको महिला सहकारीका २५ जना सदस्यलाई प्रति सदस्य रु. २५ हजारका दरले हुने एकमुष्ठ रु. ६ लाख २५ हजार अनुदान विनियोजन गरिनेछ।

घ. बुँदा नं. (ख) बमोजिम महिला सहकारी नभई महिला समूहमा अनुदान दिनुपर्ने भएमा अनुदान प्राप्त गर्ने समूहले एक वर्षभित्र सहकारीको रुपमा रुपान्तरण हुने प्रतिवद्धता भएकोलाई प्राथमिकता दिनुपर्नेछ ।

ङ. अनुदान प्राप्त गर्ने महिला सहकारी वा महिला समूहले सामूहिक वा व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनका क्रियाकलापहरु गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च. महिला सहकारी वा समूह छनौट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समूहलाई प्राथमिकता दिइनेछ । यसको लागि निवेदकले यस्तो कुनैपनि सहयोग हालसम्म प्राप्त नगरेको घोषणा गरेको हुनु पर्नेछ।

छ. महिला सहकारी तथा समूहले आफू आवद्ध संस्थाको दर्ता /नवीकरण प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र, सुनौला हजार दिनको आमा भएको खुल्ने कागजात, प्रत्येक सदस्यको नेपाली नागरिकताको प्रमाण पत्र लगायतका आवश्यक अन्य कागजातहरु समेत निवेदन साथ संलग्न राख्नु पर्नेछ ।

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत